जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
७ नं प्रदेश

## ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) कर उठाउने ठेक्का सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७५।०६।१९**

यस गाउँपालिकाबाट आ.व.२०७५/०७६ का लागि स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ (२)घ को उपदफा ६ अनुसार यस गाउँपालिका क्षेत्र भित्र भएर बग्ने (IEE) गरेका र घाट गद्दी तोकिएका नदी खोलाहरुमा ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, भरान (माटो) आदि कुल संकलन १,३४,१९०घन.मि. मात्र बिक्रीमा प्रति घन मि. रु.७५।- (भ्याट बाहेक) का दरले कर दस्तुर रकम संकलन गर्न ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुबाट शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै बोलपत्र खरिद गर्दा सूचनाका शर्तहरु Tender Document साथ उपलब्ध गराईनेछ र सूचना तथा शर्तहरुको विस्तृत जानकारी यस कार्यालयको सूचना पाटी, वेबसाइट www.janakimunkailali.gov.np तथा कार्यालय समय भित्र राजस्व शाखा र फोन नं. ०९१-५०००७७ बाट प्राप्त गर्न सकिनेछ । साथै ठेक्का कबोल अंकको सम्पूर्ण रकम संझौता गर्दाका बखत एकमुष्ठ बुझाउनेलाई प्रचलित ऐन नियम अनुसार औचित्य हेरी १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

ढुंगा, गिट्टी ,बालुवा ,ग्राभेल, भरान (माटो) बिक्री कर संकलन ठेक्का अवधी ठेक्का संझौता भई संझौता गरेको मितिले २०७६ (जेष्ठ मसान्त) सम्मको लागि (चुरे संरक्षित क्षेत्र बाहेक)कायम रहनेछ ।

| ठेक्का नं | नदी/खोलाको विवरण | न्यूनतम् ठेक्का अंक रु ( भ्याट बाहेक) | टेन्डरफाराम दस्तुर | आवश्यक न्युनतम धरौटी रकम रु | सूचनाको अवधी |
|---|---|---|---|---|---|
| १/०७५/०७६ | कर्णाली | रु १,००,६४,२५०।०० (एक करोड चौसठ्ठी हजार दुईसय पचास मात्र ) | रु ३,०००।०० (तीन हजार मात्र) | ३,०५,०००। (तीन लाख पाँच हजार मात्र) | ३० (तीस) दिन |

शर्तहरु :

१. गाउँपालिकाबाट गरिएको वातावरणिय प्रभाव मूल्यांकन (IEE) मा तोकिएको घाँटगद्दि स्थलहरुबाट मात्र नदिजन्य पदार्थ संकलन/उत्खनन गर्नु पर्नेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र जानकी गाउँकार्यपालिकाको कार्यालय दुर्गौली, कैलालीबाट बोलपत्र खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु ३१ औं दिनको अपरान्ह १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गर्न सकिनेछ र दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा खोलिनेछ ।

३. बोलपत्रदाताले खामको बाहिरपट्टी ठेक्का नं, ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ ।

४. बोलपत्र फाराम खरिद गर्दा नागरिकताको प्रतिलिपि, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाण पत्र, फर्म दर्ता र नबीकरण प्रमाण-पत्र आदिको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ

५. ठेक्का लिन इच्छुक ब्यक्तिले कबुल अंकको नेपाली नागरिक भए ५(पाँच) प्रतिशत र गैर नेपाली नागरिक भए आफुले कबोल गरेको अंकको १० (दश) प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापतको रकम यस जानकी गाउँकार्यपालिकाको कार्यालयको नाममा नेपाल बैंक लिमिटेड टिकापुर शाखामा रहेको धरौटी खाता नं १०७०३००००००००३००००३ मा नगदै जम्मा वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको १२०(एकसय बीस) दिन म्याद भएको बिडवन्डको सक्कल प्रति संलग्न गर्नुपर्नेछ ।

६. कबोल रकम अंक र अक्षरमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । दर्ता भएको बोलपत्र फिर्ता तथा संशोधन हुने छैन ।

७. बोलपत्र खरिद/दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट तोकिएकै समयमा खरिद दाखिला गर्न सकिनेछ ।

८. रितपूर्वक दाखिला भएका बोलपत्रहरु मध्ये घटी वा बढी वालाको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुनेछैन ।

९. ठेक्का कबोल अंकको रकम ठेकेदारले तीन किस्ता गरी बुझाउनु पर्नेछ । पहिलो किस्ता सम्झौता गर्दाको बखत, दोश्रो किस्ता पुस मसान्त र अन्तिम किस्ता चैत्र मसान्त सम्म बुझाइ सक्नुपर्नेछ ।

१०. ठेक्का कबोल गर्ने ब्यक्ति, फर्म, संस्था वा कम्पनीले थप १३ प्रतिशत मूल्य अभिबृद्दि कर संकलन गर्नुपर्नेछ । यसरी संकलित रकम ठेकेदार आफैंले आन्तरिक राजस्व कार्यालयमा बुझाइ सोको प्रमाण गाउँकार्यपालिकाको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । उक्त प्रमाण गाउँकार्यपालिकाको कार्यालयलाई उपलब्ध नगराएमा नियमानुसारको कारवाही अगाडि बढाइनेछ ।

११. ठेकेदारले नेपाल सरकार तथा गाउँकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गनुपर्नेछ । कार्यालय र ठेकेदार बिच कुनै बिवाद उत्पन्न भएमा गाउँकार्यपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१२. ठेकेदारले सम्झौता पत्रमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर संकलन गनुपर्नेछ । सो भन्दा बढी मालबस्तु वा दररेटमा उठाउन पाइने छैन । पट्टा पूर्जिमा तोकिएको दर तथा तोकिएको सामग्री भन्दा फरक हुनेगरी कर संकलन गरेमा नियमानुसार कारवाही गरिनेछ ।

१३. प्रचलित नियमानुसार कालोसूचीमा परेका र गाउँकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका ब्यक्ति,फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१४. गाउँकार्यपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फवाट छपाई सो रसिदहरु यस कार्यालयका कार्यालय प्रमुखवाट प्रमाणित गरी प्रयोग गनुपर्नेछ । प्रमाणित नगरी प्रयोग गरिएका रसिदहरुबाट कुनै समस्या आइपरेमा गाउँकार्यपालिकाको कार्यालय जवाफदेही हुनेछैन ।

१५.अदालतको आदेश/फैसलावाट मिनाहा दिने सम्वन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का संझौता पछि गाउँकार्यपालिकाको कार्यालयलाइ बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाइने छैन र संझौतामा तोकिएको समयमा किस्ता रकम बुझाउनुपर्नेछ ।

१६. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाइनेछैन ।

(2)

२०७५।६।१९

मातृका प्रसाद भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

१७. ठेकेदारले गाउँपालिकाको राजस्व संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजस्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाएर मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१८. ठेकेदारले ठेक्का संचालन गर्दा कुनै बिवाद उत्पन्न भएमा सो बिवाद सरकारी राजस्व संकलन गर्न गाउँपालिकाको सरकारी प्रतिनिधिका हैसियतले आफैं मिलाउनु पर्नेछ ।

१९. गाउँपालिकासंग ठेक्का सम्झौता गरेका ठेकेदारले चुरे संरक्षित क्षेत्र र (IEE) नभएको स्थानबाट ढुंगा,गिट्टी,बालुवा र ग्राभेल संकलन उत्खनन गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको प्रशासनिक निकाय(सुरक्षा तथा बन कार्यालय) हरुको सहयोग लिई आवश्यक कारवाही गनुपर्नेछ । साथै त्यस्तो अवैधानिक कार्यमा रोक लगाउन सहयोग गर्नु सबैको कर्तब्य हुनेछ ।

२०. ढुंगा,गिट्टी,बालुवा र ग्राभेल झिक्नु पर्ने घाँटगद्दी स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नु पर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ । ढुंगा, गिट्टी, बालुवा र ग्राभेल लिन कुनै ब्यक्ति वा निकायको निजी जग्गा वा बनक्षेत्र भित्र जानुपर्ने भएमा सम्वन्धित ब्यक्ति वा निकायको स्वीकृती लिएर गर्नु परेमा स्वयं ठेकेदारले लिनुपर्नेछ ।

२१. नदीको किनाराबाट भूक्षय हुनेगरी डिल,भिर,भित्तो खनन् खोरस गरी ढुंगा,गिट्टी,बालुवा,ग्राभेल निकाल्न रोक लगाउनु पर्नेछ । त्यसरी निकालेको पाइएमा उक्त कार्य गर्ने ढुवानी साधनहरुलाई सम्वन्धित निकायमा आवश्यक कारवाहीका लागि ठेकेदारले पहल गनुपर्नेछ ।

२२. राजमार्ग र पुलको  ५०० मिटर भित्र ढुंगा,गिट्टी,बालुवा,ग्राभेल आदि निकाल्न पाईनेछैन ।

२३. नदी खोलाको घाट वा आकृति विग्रने गरी नदी किनारमा प्राकृतिक तवरले रहेका ढुंगा तोड्न वा फोड्न पाईने छैन । साथै ढुंगा, गिट्टी, बालुवा, ग्राभेल झिक्न मेसीनरी औजारको पूर्णरुपले बन्देज लगाइनेछ । कोही कसैले मेसिन प्रयोग गरेको पाइएमा आवश्यक कारबाहीका लागी प्रशासनिक निकायमा पठाउनु पर्नेछ । सोको जानकारी गाउँपालिकालाई दिनुपर्नेछ ।

२४. ठेकेदारले भिजेको चिसो बालुवाबाट पानी बगी बाटो विगार्ने भएकोले चिसो बालुवा ढुवानीमा रोक लगाउनु पर्नेछ । ढुंगा, गिट्टी, बालुवा, ग्राभेल छोपेरमात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्नेछ ।

२५. ठेकेदारले घाट क्षेत्रमा फोहर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ साथै ठेकेदारले वस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुनेगरी ढुवानी कार्य गर्न लगाउनु पर्नेछ ।

२६. ठेकेदारले कामदारका लागि प्राथमिक उपचार लगायतका साथै मास्क, हेल्मेट आदिको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ ।

२७. ठेकेदारले पाक्षिक (१५/१५ दिनमा) रुपमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी गाउँकार्यपालिकाको कार्यलयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२८. घाटगद्दी क्षेत्र बाहेक अन्यत्र ढुंगा,गिट्टी बालुवा, ग्राभेल ,माटो संकलन गरी सडक तथा सार्वजनिक स्थलमा जम्मा गर्न पूर्ण रुपमा बन्देज लगाइएको छ । कसैले सो कार्य गरेमा नियमानुसार कारबाही हुनेछ ।

२९. ठेकेदारले प्रारम्भिक वातावरणिय परीक्षण (IEE) प्रतिवेदनमा दिएका राय सुझावहरु सम्बन्धित सरोकारवाला सबैलाई आफ्नै तर्फबाट जानकारी गराई सोको पालना गर्न लगाउनु पर्नेछ । यस कार्यमा लाग्ने आर्थिक व्ययभार ठेकेदारले स्वयम व्यहोर्नु पर्नेछ ।

३०. ठेकेदारले नदीजन्य पदार्थ उत्खनन,संकलन हुने घाटगद्दी स्थल सम्बन्धी  खर्चहरु स्वयम् आफैले व्यहोर्नु पर्नेछ र कर संकलन गर्ने दर प्रति घनमिटर रु. ७५।- (अक्षेरुपी पचहतर रुपैया मात्र हुनेछ । उक्त रकममा



२०७८।३।१९

...नका प्रसाद भट्टराई
...कृत अधिकृत

मू.अ. कर थप गरी कर संकलन गर्नु पर्नेछ । मू.अ. कर बाहेकका अन्य कर/दस्तुर तिर्नु पर्ने भए पनि ठेकेदार स्वयम्ले तिर्नु पर्नेछ ।

३१. बिहान सूर्योदय भन्दा अगाडी र साँझ सूर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानुन बमोजिम कार्बाही हुनेछ ।

३२. खोला तथा नदीको घाटगद्दी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईन बोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ ।

३३. नेपाल सरकारले बिक्रीकर छुटका लागि गरेको निर्णय बाहेक यस जानकी गाउँपालिकाभित्र भएर बग्ने नदी खोलाबाट नदीजन्य पदार्थ संकलन/उत्खन्न गरे वापत गाउँपालिकाको बिक्रीकर सबैले तिर्नु पर्नेछ । कसैले गाउँपालिकाको बिक्रीकर तिर्न अटेरी गरेमा कानुन अनुसारको कार्बाही गरिनेछ ।

३४. गाउँपालिकाबाट प्रमाणित गरी कर संकलन गरिएका नगदि रसिदहरु ठेकेदारले ३/३ महिनामा गाउँपालिकाको कार्यालयमा जम्मा गर्नु पर्नेछ । उक्त नगदि रसिद संग नदीजन्य पदार्थको कर संकलन गर्ने ठेकेदारले नदीजन्य पदार्थको उत्खननको परिमाण पनि पेश गर्नु पर्नेछ ।

३५. गाउँकार्यपालिकाको कार्यालयबाट गरिएको IEE प्रतिवेदनमा तोकिएका कर्णाली नदी किनाराका देहायका १० वटा घाटगद्दी स्थलहरु बाहेक अन्य स्थानबाट कसैले पनि नदीजन्य पदार्थ संकलन/उत्खनन् गर्न पाईनेछैन । यसरी घाटगद्दी स्थल तोकिएका स्थान बाहेक अन्यत्रबाट प्राकृतिक साधनहरु(ढुंगा,गिट्टी,बालुवा,ग्राभेल,माटो आदि)संकलन/उत्खनन् गरेको पाईएमा जरीवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानीका साधनहरु जफत समेत गर्न सकिनेछ ।

IEE प्रतिवेदनमा ढुङ्गा, गिट्टी, वालुवा ,ग्राभेल,माटो संकलन/उत्खनन् गर्न तोकिएका १० वटा घाटगद्दी स्थलहरुको विवरण

| क्र.सं. | नदीको नाम | क्षेत्र | गा.वि.स/न.पा. वडा नं. | संकलन/उत्खनन् गरिने वस्तु | उत्खनन,संकलन गर्न पाइने अन्दाजी परिमाण(घ मी) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कर्णाली | सितापुर (Intake नजिकै) | जानकी गा.पा.३ | बालुवा, ढुङ्गा | ३३६०० | |
| २ | कर्णाली | कैलाशेश्वर वनको विचको भाग | जानकी गा.पा.३ | बालुवा, ग्राभेल | १३११० | |
| ३ | कर्णाली | कैलाशेश्वर सा.वन कार्यालय नजिकै | जानकी गा.पा.६ | बालुवा, ग्राभेल | ११०२५ | |
| ४ | कर्णाली | नगतपुर वन घुम्ना | जानकी गा.पा.६ | बालुवा, ग्राभेल | ८१६० | |
| ५ | कर्णाली | पाताभार मन्दिर नजिक | जानकी गा.पा.९ | बालुवा, ग्राभेल | १५७५० | |
| ६ | कर्णाली | शिवशक्ति सा.वन नजिक | जानकी गा.पा.९ | बालुवा, ग्राभेल | ६४८० | |
| ७ | कर्णाली | खैरिफाँटा मुनुवा ढाँडा | जानकी गा.पा.९ | बालुवा, ग्राभेल | ९६८० | |



२०७५।३।१९

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | कर्णाली | जमरा खोला कालिका सा.वन कार्यालय नजिक | जानकी गा.पा.९ | बालुवा, ग्राभेल | १९२०० | |
| ९ | कर्णाली | वलचौर (टुण्डी कन्सट्क्सन नजिक) | जानकी गा.पा.९ | बालुवा, ग्राभेल | ७७३५ | |
| १० | कर्णाली | गुरुङ्गे | जानकी गा.पा.९ | बालुवा, ग्राभेल | ९४५० | |
| | | जम्मा | | | १३४१९० | |

३६. राष्ट्रिय वन तथा सामुदायिक वन क्षेत्रभित्रबाट नदीजन्य पदार्थ संकलन/उत्खनन् गर्न पाईने छैन ।

३७. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनको लागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

३८. यस सूचनामा उल्लेख भएका विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित कानून (ऐन / नियम) बमोजिम हुनेछ ।

३९.ठेकेदारले (IEE) रिपोर्ट अनुसारको परिमाण प्रदेश नं.७ बाहेक अन्य प्रदेशमा निकासी गर्दा गाउँपालिकाको पुर्बस्वीकृति लिनुपर्नेछ ।

४०.ठेकेदारले सुचनामा उल्लेखित परिमाण संकलन गर्दा डोजर,एक्साभेटर जस्ता निर्माण सामग्रीहरु प्रयोग गर्नु परेमा गाउँपालिकाको पुर्वस्वीकृति लिनु पर्नेछ ।



२०७५।३।१९

प्रमुख प्रशासकीय अधिकृत